# कोभिड-१९ का कारण विदेशबाट फर्किएका तथा वेरोजगार युवाहरुको लागि व्यवसायिक कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

## आर्थिक वर्ष २०७८/७९

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७८/०७/०८)

प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## कोभिड-१९ का कारण विदेशबाट फर्किएका तथा वेरोजगार युवाहरुको लागि +व्यवसायिक कृषि कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७८

**प्रस्तावनाः** कोभिड-१९ का महामारीका कारण विदेशबाट फर्किएका तथा स्वदेशमा वेरोजगार भएका युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्दै रोजगारी सृजना गर्ने र कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी समग्र देशको आर्थिक अवस्था सुधार गर्न कोभिड-१९ का कारण विदेशबाट फर्किएका तथा वेरोजगार युवाहरुको लागि व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (२) को अधिनमा रही मन्त्रालयवाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"कोभिड-१९ का कारण विदेशबाट फर्किएका तथा वेरोजगार युवाहरुको लागि व्यवसायिक कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-,

(क) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि अनुरुप कृषि पेशामा संलग्न भई अनुदान प्राप्त गर्न छनौट भएका विदेशवाट फर्किएका युवा वा स्वदेशमा वेरोजगार युवालाई सम्झनु पर्छ ।

(ख) **"आवेदक"** भन्नाले कृषि पेशामा संलग्न भई अनुदान प्राप्त गर्न आवेदन दिएका विदेशवाट फर्किएका युवा वा स्वदेशमा वेरोजगार युवालाई सम्झनु पर्छ ।

(ग) **"केन्द्र "** भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(ङ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(च) **"बेरोजगार"** भन्नाले कोभिड-१९ का कारण स्वदेश वा बिदेशमा रोजगार गुमाएका युवाहरुलाई सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"युवा"** भन्नाले २५ देखि ४९ बर्षसम्मका महिला तथा पुरुष वर्गलाई सम्झनु पर्छ ।

(झ) **"स्थानीय तह "**भन्नाले महानगरपालिका, उपमहानगरपालिका,नगरपालिका र गाँउपालिका सम्झनु पर्छ।

(ञ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ८ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

३. **उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्ने,

(ख) कोभिड-१९ का कारण बेरोजगार युवाहरुलाई रोजगारी सिर्जना गर्ने

(ग) कृषि उपजको समग्रमा उत्पादन तथा उत्पादकत्व बृद्धिमा टेवा पुर्याउने ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **सूचना प्रकाशन**ः कृषि ज्ञान केन्द्रले कार्यक्रम संचालनका लागि अनुसूची-१ बमोजिमको ३० दिने आवेदन मागको सुचना प्रकाशन गर्ने छ ।

५. **कार्यक्रम सञ्चालन गर्ने निकाय**ः यो कार्यक्रम कृषि ज्ञान केन्द्र मार्फत सञ्चालन हुनेछ ।

६. **सञ्चालन गर्न सकिने क्रियाकलापहरुः** (१) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यहरु गर्न सकिनेछ।

(क) एकीकृत मौसमी तथा बेमौसमि तरकारी खेती प्रवर्द्धन,

(ख) व्यवसायिक फलफूल तथा पुष्प खेती प्रवर्द्धन,

(ग) बाली विविधिकरण कार्यक्रम (अदुवा, बेसार, अम्रिसो, कफी, अलैंची, चिउरी, बाँस आदि),

(घ) मौरी पालन/मह उत्पादन,

(ङ) च्याउ खेती प्रवर्द्धन कार्यक्रम,

(च) बीउ उत्पादन कार्यक्रम,

(छ) रैथाने बाली प्रवर्द्धन कार्यक्रम,

(२) यो कार्यक्रममा सहभागी हुने आवेदकले कम्तीमा खुला जमीनमा तरकारी, पुष्प तथा फलफुल खेतीका लागि ५ रोपनीमा, खाद्यान्न बीउ उत्पादन १० रोपनि, संरक्षित संरचनामा तरकारी खेतीको लागि ५०० वर्ग मी., मौरीपालनका लागि कम्तिमा २५ गोलासहितको घार र च्याउखेतीका लागि कम्तिमा ५०० बलमा उत्पादन कार्यक्रम गर्नुपर्नेछ ।

७. **प्रस्ताव पेश गर्ने**ः कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले कृषि ज्ञान केन्द्रमा अनुसूची-२ बमोजिमको आवेदन अनुसूची-३ बमोजिमको प्रस्ताव र अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ ।

८. <u>मूल्याङ्कन समिति</u>ः प्राप्त आवेदनको मूल्याङ्कन गरी स्वीकृतिको लागि केन्द्रमा एक मूल्याङ्कन समिति गठन हुनेछ । प्रमुख वा प्रमुखले तोकेको अधिकृतको संयोजकत्वमा ३ सदस्य समिति गठन गरिने छ ।

| | |
|---|---|
| प्रमुख वा प्रमुखले तोकेको अधिकृत | -संयोजक |
| आर्थिक प्रशासन हेर्ने अधिकृत/प्रतिनिधि | -सदस्य |
| खरिद इकाई प्रमुख | -सचिव |

उक्त समितिमा आबश्यकतानुसार २ जनासम्म बिषय बिज्ञ आमन्त्रण गर्न सकिने छ ।

समितिको कार्य विवरण देहाय बमोजिमको हुनेछ;-

(क) प्राप्त निवेदन उपर चेकजाँच गर्ने,

(ख) आबश्यक भएमा प्रस्तावहरुको स्थलगत निरीक्षण गर्ने,

(ग) स्वीकृत बजेट तथा लक्ष्य अनुसारको सहयोग रकम निर्धारण गरि केन्द्रलाई सिफारिश गर्ने,

(घ) छनौटका लागि अन्य आवश्यक मापदण्डहरु तोकि सिफारिश गर्ने ।

(ङ) मूल्याङ्कन सामितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि एक तह माथिको निकायमा पेश गर्नुपर्नेछ ।

९. <u>आवेदकले पेश गर्नु पर्ने कागजातहरुः</u> आवेदकले देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ,-

क. नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

ख. बैदेशिक रोजगारबाट फर्केका युवाको हकमा राहदानी र प्रवेशाज्ञाको प्रतिलिपि,

ग. स्वेदेशमा रोजगारी गुमाएका युवाको हकमा पहिला रोजगारी भै रहेको संस्था/फर्म/रोजगारदाताको प्रमाण खुल्ने कागजात वा सम्वन्धित स्थानिय तहको बेरोजगार रहेको ब्यहोरा सहितको सिफारिस पत्र ।

१०. <u>सम्झौताः</u> छनौट भएका आवेदकहरुसँग सम्बन्धित कृषि ज्ञान केन्द्रले अनुसुची -५ बमोजिम सम्झौता गर्नेछ।

११. <u>अनुगमन तथा मूल्याङ्कन</u>ः मन्त्रालय, निर्देशनालय र ज्ञान केन्द्रले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। अनुदान प्राप्त गर्ने अनुदानग्राहीले प्राप्त गरेको अनुदानको प्रयोग गरे नगरेको सन्दर्भमा प्रत्येक वर्ष कार्यान्वयन निकायवाट मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

## परिच्छेद -३
## आर्थिक पक्ष

१२. **भुक्तानी:** सम्झौता भएका आवेदकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरिसकेपछि आबश्यक बील भरपाई तथा अन्य कागजात पेश भएपछि केन्द्रले अनुदानग्राहीको वैंक खातामा जम्मा हुने गरि भुक्तानी गर्नेछ । वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम बढीमा पचास प्रतिशत रकम अनुदान प्रदान गरिने छ ।

## परिच्छेद -४
## विविध

१३. **कारवाहीको व्यवस्था:** अनुदानग्राहीले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र २ वर्षसम्म प्रदेश सरकारवाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

१४. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

१५. **संशोधन:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ ।

अनुसूची -१

(दफा ४ सँग सम्बन्धित)

<u>सूचना प्रकाशनको ढाचाँ</u>

प्रकाशित मिति.........................

कृषि ज्ञान केन्द्र, .........को आ.व....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कोभिड-१९ का कारण विदेशबाट फर्किएका तथा वेरोजगार युवाहरुको लागि व्यवसायिक कृषि कार्यक्रम सञ्चालनको लागि सम्बन्धित युवाहरुमा यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ अनुसूची-२ वमोजिमको आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

<u>तपसिल</u>ः

१. अनुसूची-२ अनुसारको आवेदन,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३. बैदेशिक रोजगारबाट फर्केका युवाको हकमा राहदानी र प्रवेशाज्ञाको प्रतिलिपि,
४. स्वदेशमा रोजगारी गुमाएका युवाको हकमा पहिला रोजगारी भै रहेको संस्था वा फर्मको वा रोजगारदाताको प्रमाण खुल्ने कागजात
५. सम्बन्धित स्थानिय तहको रोजगारी गुमाई बेरोजगार रहेको ब्यहोराको सिफारिश पत्र,
६. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार /स्थानीय तह अन्य संघ संस्थाबाट सोही कामको लागि सहयोग लिए नलिएको स्वघोषणपत्र पेश गर्नु पर्नेछ,

अनुसूची -२

(दफा ७ सँग सम्बन्धित)

<u>आवेदन फारम</u>

श्रीमान प्रमुख ज्यू, मितिः

कृषि ज्ञान केन्द्र,

................................... ।

विषयः कार्यक्रममा सहभागी सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा कोभिड-१९ का कारण विदेशबाट फर्किएका तथा वेरोजगार युवाहरुको लागि व्यवसायिक कृषि कार्यक्रमका लागि कार्यक्रम सञ्चालन गर्न कार्यक्रममा छनौट गरीपाउँ भनी अनुरोध गर्दछु । साथै सूचनामा माग भए अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहेरा समेत अनुरोध गर्दछु ।

<u>निवेदक</u>

सहीः

नामः

पदः

संस्थाः

ठेगानाः

छाप

अनुसूची -३

(दफा ७ सँग सम्बन्धित)

**प्रस्ताव पत्र को नमूना**

१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः

| | |
|---|---|
| आवेदकको नाम थर : | |
| पुरा ठेगाना : | |
| स्थायी लेखा नम्बर : | |
| कार्यक्रमको मुख्य उद्देश्य : | |
| मोबाइल नं | |
| आवेदकको नाममा रहेको बैंक र खाता नं | |
| परियोजना स्थल र जग्गाको कित्ता नं | |
| अन्य श्रोत वा बित्तिय सहकार्यमा केही सहयोग प्राप्त भएको भए जानकारी गराउनुहोस् | |

२) संचालन हुने मुख्य क्रियाकलापहरु र अनुमानित लागतः

| क.स. | क्रियाकलापको विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

४) लागत साझेदारीः

यस कार्यक्रमको संचालन कुल ............रोपनी/बर्ग मी./गोला घार / बलमा कार्यक्रम गरिने अनुमान गरिएको छ ।

अनुसूची -४
(दफा ७ सँग सम्बन्धित)
<u>प्रतिबद्धता पत्र</u>

...........................को मिति..............................को सूचना अनुसार व्यवसायिक कृषि कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र न्यूनतम ५ वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ५ वर्ष अगावै सो कार्यहरु बन्द गरेमा ज्ञान केन्द्रबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं ।अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

<u>अनुदानग्राहीको तर्फबाट</u>
नामः
पदः
स्थानीय तहको नामः
ठेगानाः
सम्पर्क नं.:
दस्तखतः
मितिः
छापः

दायाँ | बाँया

## अनुसूची - ५
### (दफा १० सँग सम्बन्धित)
### सम्झौता – पत्र

यो सम्झौता पत्र, कृषि ज्ञान केन्द्र,................(यस पछि प्रथम पक्ष भनिने) र.................जिल्ला...................गा.पा/नपा.........वडा नं............................ बस्ने श्री ................................ (यस पछि दोस्रो पक्ष भनिने) बीच ब्यबसायीक कृषि कार्यक्रम सञ्चालन गर्ने गरी तपशिल अनुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै यो सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

१. यो सम्झौता, सम्झौता भएको मिति......... देखि प्रारम्भ भएको मानिनेछ ।
२. दोश्रो पक्षले लगाएको कूल ................रोपनी/व.मी./बल मा ...............बाली को लागि कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।
३. दोश्रो पक्षले भुक्तानीको लागि कार्यसम्पन्न भएपछि आबश्यक बील भरपाई र अन्य कागजात पेश गरेपछि प्रथम पक्षले दोश्रो पक्षको बैंक खातामा उपलब्ध गराउनेछ ।
४. रकम भुक्तानी गर्दा नियमानुसार लाग्ने कर कट्टा गरि भुक्तानी दिइने छ ।
५. यो सम्झौता ....मिति देखि लागू भई......मा सम्पन्न हुनेछ ।
६. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| प्रथम पक्षको तर्फबाट आधिकारिक हस्ताक्षर | दोश्रो पक्षको तर्फबाट आधिकारिक हस्ताक्षर |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालय : | संस्था र ठेगाना : |
| छाप : | छाप: |
| मिति : | मिति : |
| साक्षी | साक्षी |